जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक १९ २०७९ साल पुस ३ गते आइतवार (18 Dec 2022 Sunday) मूल्य रु. ७/-

## डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ।
तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र* – **पृष्ठ २ मा** : तरल राजनीतिमा राष्ट्रपतिका ... **पृष्ठ ३ मा** : पुस्तान्तरणः महत्वाकाङ्क्षा ... **पृष्ठ ४ मा** : कम्बल वितरण ... **पृष्ठ ५ मा** : लेबनानमा शरणार्थीको खाद्य ...

# सप्तरीमा पहिलो पटक भगवान जगन्नाथ रथयात्रा



**राजविराज**/राजविराजस्थित लक्ष्मीनारायण राधाकृष्ण मन्दिरमा तीन दिनदेखि आयोजित भगवान् जगन्नाथ महोत्सवको अन्तिम दिन शनिबार रथ यात्रा निकालिएको छ ।

तीन दिनदेखी यहाँ संचालनमा रहेको धार्मिक कार्यक्रम जगन्नाथ महोत्सवको अन्तिम दिन राजविराज नगर हरेरामा, हरेकृष्णा नाराले गुञ्ज्यमान भएको छ ।

भारतसहित विभिन्न मुलुकहरुमा मनाईने जगन्नाथ रथ यात्रा सप्तरीमा पहिलो पटक भव्यतापूर्वक मनाईएको हो ।

भगवान जगन्नाथको प्रतिमासहित स्थानिय राधाकृण मन्दिरबाट निस्केको रथयात्रामा हजारौं महिला, पुरुष नाचगान गर्दै सहभागि भए । उक्त धार्मिक यात्रामा सर्वसाधारणदेखी राष्ट्रियसभाका सदस्य शेखर सिंह, नवनिर्वाचित प्रदेशसभा सदस्य सतिश सिंहका साथै पूर्वमन्त्री, पूर्वसांसद, विभिन्न पालिकाका जनप्रतिनिधि, धार्मिक संघसंस्थाका प्रतिनिधि तथा विभिन्न विद्यालयका बालबालिका गरि पाँच हजार भन्दा बढीको सहभागिता रहेको रथयात्राको समन्वयकर्ता लक्ष्मी नारायण राधाकृष्ण मन्दिर समितिका उपाध्यक्ष बिन्देश्वर प्रसाद बिन्दीले जानकारी दिए ।

रथयात्रा पुनः सोही मन्दिर प्राङ्गनामा पुगि सम्पन्न भएको थियो । रथयात्रा धार्मिक दृष्टिकोणले निकै महत्वपूर्ण मानिएकाले यसको आयोजना गरिएको मूल आयोजक



जगन्ननाथ रथयात्रा समितिले जनाएको छ ।

तीन दिनसम्म चलेको महोत्सव अन्तरगत नेपालका साथै भारत र दक्षिण अफ्रिकाका सन्त महन्थहरुबाट भजनकिर्तन, महायज्ञ, झाँकी, प्रवचन, प्रसाद वितरण लगायतका धार्मिक कार्यक्रम गरिएको थियो ।

रथयात्राका लागि धरान र विराटनगरको एस्कोन, श्री राधा-कृष्ण भक्तिभावना अमृत सङ्घलगायत आध्यात्मिक संस्थाको सहकार्य रहेको थियो । रथयात्रामा सहभागीलाई राजविराजका स्थानीय व्यापारी एवं समाजसेवीले फलफूल, पानी र जुस वितरण गरेका थिए ।

उडिसाको पुरीमा रहेको जगन्नाथ मन्दिर भारतको चारधाममध्ये एक धाम हो । रथयात्रामा सामेल हुनेलाई सय यज्ञ गरे समान फल मिल्ने र मोक्ष प्राप्त हुने धार्मिक विश्वास रहेको छ ।

एस्कोन मन्दिरको स्थापना श्रीमूर्ति श्री अभय चराणबिन्द भक्ति वेदान्तर स्वामी प्रभुपादजी सन् १९६६ मा न्यूयोर्क सहरमा गर्नुभएको थियो । एस्कोनले विश्वमा गीता र हिन्दू धर्म एवं हिन्दू संस्कृतिको प्रचार-प्रसार गरिरहेको जनाइएको छ ।

# शहीद परिवारलाई मासिक भत्ता

**राजविराज**/सप्तरीको राजविराज नगरपालिकाले बिभिन्न आन्दोलनमा शहीद भएका नगर क्षेत्र भित्रका शहीद परिवारलाई मासिक रु पाँच हजार एक सय उपलब्ध गराएको छ ।

आर्थिक वर्ष ०७९/८० को नगरसभाको निर्णयानुसार शहीदप्रति परिवारलाई जीवन निर्वाहका लागि मासिक पाँच हजार एक सय उपलब्ध गराउन थालिएको नगरपालिकाले जनाएको छ ।

हालसम्म उक्त सहयोग राशि पाउने शहीद परिवारको सङ्ख्या तीन पुगेको छ । मासिक पाँच हजार एक सयका दरले शहीद परिवारलाई जीवन निर्वाह भत्ता प्रदान गर्ने नगरसभाको निर्णयानुसार सहयोग राशि वितरण सुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनूले जानकारी दिए ।

उक्त सुविधा प्राप्त गर्न शहीद परिवारले शहीद प्रमाणपत्र, नागरिकता प्रतिलिपि, नाता प्रमाणित र सम्बन्धित वडा कार्यालयको सिफारिसलगायत आवश्यक कागजात पेस गर्नुपर्ने प्रावधान राखिएको छ । सो अनुसार नगरपालिकाले सूचनासमेत जारी गरेको छ ।

नगरसभाको पहिलो बैठकबाटै निर्णय भएबमोजिम गत साउनदेखिकै मासिकभत्ता जोडेर सहयोग प्रदान गर्न थालिएको राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परवीनले जानकारी दिए ।

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईंकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय** : बिहान ८:३० देखि ५:०० बजेसम्म

➢ लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन।

➢ परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरूवात आफैबाट गर्नुपर्दछ।

➢ परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अधिकार खोज्नु जरुरी

नेपाल अहिले संघीय गणतन्त्रात्मक मुलुक भएको छ। यससँगै सिंहदरबारका अधिकारहरु प्रदेश र स्थानीय तहमा विभाजित भएका छन्। नेपालको संविधानले अहिले स्थानीय तहलाई विद्यायकी, कार्यकारणी र न्यायिक अधिकार दिएको छ। संवैधानिक अधिकारहरुको प्रयोग गरी स्थानीय तहहरुले आ-आफ्ना ठाउँको विकास जनचाहना अनुरुप आफै गर्न सक्छन्। तर स्थानीय तहहरुले आफूलाई प्राप्त अधिकारहरुको पूर्ण प्रयोग गर्न नसकेका कारण विकासका ढोकाहरु अपेक्षाकृत रुपमा खुल्न सकेका छैनन्।

अहिले पनि अधिकतर स्थानीय तहहरु पुरानै शैलीमा काम गरिरहेका छन्। उनीहरु अहिले पनि पुराना मानसिकता भन्दा माथि उठ्न सकेका छैन। विद्यायकी, कार्यकारिणी र न्यायिक गरी तीन वटै अधिकारहरु स्थानीय तहले प्राप्त गरेपनि यसका बारेमा अधिकतर जनप्रतिनिधिहरु अन्यौल नै रहेको पाइएको छ। जनप्रतिनिधिहरुले आफ्ना अधिकार र त्यसको दायरा बुझेर काम गर्न सकेको खण्डमा स्थानीय तहले विकासमा फड्को मार्ने निश्चित छ। भौतिक विकासमा मात्र रुम्मलिएर धेरै जो जनप्रतिनिधहरुले अरु कामलाई त्यत्ति ध्यान नदिइहरेको अवस्था विद्यमान छ।

संविधानद्वारा प्रदत्त तीन वटै अधिकारको प्रयोग गरी जनप्रतिनिधिहरुले समन्वयात्क विकासका लागि आफ्ना पहल र प्रयासहरुलाई अझ सशक्त ढंगले अघि बढाउनुको विकल्प छैन।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# तरल राजनीतिमा राष्ट्रपतिका लागि उत्पत्ति भएका थरीथरीका नाम

**अमित ढकाल**

पछिल्ला ४८ घन्टा नेपालको राजनीति भावी राष्ट्रपतिका फरकफरक नामले रंगिएको छ। मानिसले खासै अनुमान नगरेका नामहरू फुत्तफुत्त बाहिर आएका छन्। कतिपय गैरराजनीतिक नाम पनि आएकाले मानिसमा चासो थपिएको छ।

कार्यकारी अधिकार भएको भावी प्रधानमन्त्री को बन्ने भन्ने अझै टुंगो नलागेको देशमा चर्चा भने एक्कासि संवैधानिक राष्ट्रपतिको चुलिएको छ।

सुरूमा कसैले अनुमान नगरेको खिलराज रेग्मीको नाम बाहिर आयो। रेग्मीले गैरराजनीतिक सरकारको नेतृत्व गर्दै २०७० सालमा संसदीय निर्वाचन गराएका थिए।

बाबुराम भट्टराई प्रधानमन्त्री भएका बेला २०६९ साल जेठ १४ मा संविधान सभा विघटन भएपछि राजनीतिक 'डेडलक' उत्पन्न भएको थियो। भट्टराईलाई हटाउने वा नयाँ प्रधानमन्त्री चुन्ने व्यवस्थापिका मुलुकमा थिएन। नेपाली कांग्रेस र एमाले कुनै पनि हालतमा भट्टराईको नेतृत्वमा निर्वाचनमा जान राजी थिएनन्। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पनि भट्टराईको सत्तायात्रा लम्बियोस् भन्ने चाहन्थेनन्।

त्यो राजनीतिक डेडलकका बीच भारत फेरि एकपटक नेपालको राजनीतिमा सक्रिय बन्यो। दिल्लीले नै निकास सुझायो– गैरराजनीतिक सरकार बनाएर चुनाव गराउने। त्यसको नेतृत्व तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीले गर्ने।

रेग्मीलाई मन्त्रिपरिषदको अध्यक्षका रूपमा र पूर्व मुख्यसचिव माधवप्रसाद घिमिरेलाई गृहमन्त्री र परराष्ट्रमन्त्रीका रूपमा भारतले नै अघि सारेको थियो।

यसपालि राष्ट्रपतिमा रेग्मीको नाम कसरी, कहाँबाट आयो भन्ने अब चर्चा गर्नै परेन। रेग्मीपछि एकाएक अर्का प्रधानन्यायाधीश कल्याण श्रेष्ठको नाम पनि राष्ट्रपतिका रूपमा चर्चामा आएको छ। रेग्मीको नाम आएपछि उनीभन्दा त श्रेष्ठ ठीक छन् भन्नेहरूले उनको नाम अघि सारेका छन्। त्यस्तै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) अध्यक्ष महन्थ ठाकुरको नाम पनि आएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाले भने यी तीनबाहेक चौथो नामबारे आफ्ना निकट केही नेताहरूसँग परामर्श गरिरहेका छन्। गैरराजनीतिक मान्छे बनाउन परे 'यो' नाम कस्तो हुन्छ भनेर उनले केही निकटसँग छलफल गरेका छन्।

उनले परामर्श गरिरहेको नाम हो अनुराधा कोइराला। माइती नेपालकी संस्थापक अध्यक्ष कोइराला 'सिएनएन हिरो' उपाधिबाट पनि सम्मानित भएकी थिइन्। अघिल्लो पटक आफू सरकारमा हुँदा देउवाले कोइरालालाई बागमती प्रदेश प्रमुखमा सिफारिस गरेर राष्ट्रपतिबाट नियुक्त गराएका थिए। अरूलाई मान्य हुने अन्य नामको खोजी पनि कांग्रेसभित्र जारी छ।

भावी राष्ट्रपतिका रूपमा यी फरक नाम जसरी बाहिर आएका छन्, त्यसमा अहिलेको अस्थिर राजनीतिको सकस लुकेको छ। यसपालि सरकार नै कसको नेतृत्वमा बन्छ, अहिलेसम्म टुंगो छैन। प्रधानमन्त्री बन्ने कुरा नै टुंगो नलागेपछि अहिले राष्ट्रपतिको विषय अघि आएको हो। प्रधानमन्त्री को बन्ने भन्ने टुंगोसँगै राष्ट्रपतिको गाँठो पनि स्वतः फुक्नेछ।

सत्ता गठबन्धनका दलले पटकपटक गठबन्धनकै सरकार बनाउने भनेर सार्वजनिक रूपमा भने पनि, वक्तव्य नै जारी गरे पनि त्यसको टुंगो भइसकेको छैन। कम्तीमा कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीले प्रधानमन्त्री कसलाई बनाउने भनेर सहमति गरेपछि मात्र यो प्रक्रिया अघि बढ्छ। यी तीन दल मिल्दैमा संसदमा बहुमत पुग्दैन, बहुमत पुऱ्याउने प्रक्रिया भने अघि बढ्छ। त्यसपछि अर्को गबन्धनको बहुमत पुग्ने सम्भावना न्यून हुन्छ।

तीन दलमध्ये पनि कांग्रेस र माओवादी केन्द्रबीच सत्ता नेतृत्वको भागबन्डा कसरी गर्ने र सुरूमा को प्रधानमन्त्री बन्ने भन्ने विषयमा सहमति जुटिसकेको छैन। प्रधानमन्त्री देउवा र माओवादी केन्द्र अध्यक्ष प्रचण्डनिकट नेताहरूले दुई जनाबीच कुरा मिल्न बाँकी रहेको पुष्टि गरे।

देउवा र प्रचण्ड दुवै सत्ताको नेतृत्व आलोपालो गर्नेमा सहमत छन्। तर कतिकति समय क-कसले नेतृत्व गर्ने भन्नेमा समझदारी बनिसकेको छैन। दुवै जना पहिलो चरणमा आफू प्रधानमन्त्री बन्नुपर्ने अडानमा छन्।

'कुरा मिलिसकेको छैन। प्रचण्ड मानेकै छैन,' प्रधानमन्त्री देउवाले आफू निकटहरूलाई भनेको कुरा एक जना नेताले सुनाए। माओवादी केन्द्रका एक मन्त्रीले पनि दुई नेताबीच नै कुरा मिल्न बाँकी रहेको बताए।

'मैले चुनाव हुनुअघि नै दुवै जनालाई यसबारे टुंगो लगाउनुहोस्, पछि झन् गाह्रो हुन्छ भनेको थिएँ,' उनले भने, 'अहिले त्यस्तै भइरहेको छ।'

प्रधानमन्त्रीसँगै राष्ट्रपति र सभामुखको विषय पनि जोडिएको र गिजोलिएको छ। यी सबै मुख्य पदबारे प्रधानमन्त्री देउवा र प्रचण्डबीच छलफल भए पनि केही टुंगिएको छैन। प्रधानमन्त्रीकै विषय नटुंगिएकाले अरूमा सहमति हुने कुरै भएन।

संविधानतः दलहरूसँग सरकार बनाउन अझै एक महिनाको समय छ। निर्वाचन आयोगले परिणाम सार्वजनिक गरेपछि ३० दिनभित्र संविधानको धारा ७६ (२) अनुसार बहुमत दलको सरकार नबने मात्र ७६ (३) अनुसार सबभन्दा ठूलो दलको संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने संवैधानिक व्यवस्था छ। त्यसैले सरकार गठनको अन्यौल झन्डै एक महिनासम्म रहन पनि सक्छ।

अहिले जारी यो अन्यौलबीच राष्ट्रपतिमा गैरराजनीतिक मानिसको नाम कसरी आयो ? किन देउवाले नै गैरराजनीतिक व्यक्ति चाहिन सक्छ भन्दै नाम खोजिरहेका छन्। किन आफू निकटहरूसँग त्यसका लागि छलफल गरिरहेका छन् ? यसमा तीन वटा प्रमुख 'फ्याक्टर' छन्।

पहिलो, प्रधानमन्त्री, राष्ट्रपति वा सभामुख निर्वाचित गर्न आवश्यक बहुमत अहिलेका सत्तारूढ दलहरूसँग छैन। गठबन्धन गरेर लडेका कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चासँग जम्मा १३६ सांसद छन्। २७५ सदस्यीय प्रतिनिधि सभामा बहुमत पुऱ्याउन १३८ सांसद चाहिन्छ। राष्ट्रपतिको निर्वाचन गर्न आवश्यक 'इलेक्टोरल कलेज' मा भने यी दलहरूको मात्र पनि बहुमत पुग्छ। राष्ट्रपति चुन्ने 'इलेक्टोरल कलेज' मा प्रतिनिधि सभा र राष्ट्रिय सभाका सांसद र प्रदेश सभासद हुन्छन्।

नयाँ सरकार बनेपछि मात्र राष्ट्रपतिको चुनाव हुन्छ। संविधानअनुसार राष्ट्रपतिको चुनाव वर्तमान राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि गरिसक्नुपर्छ। राष्ट्रपति विद्यादेवी भण्डारीको पदावधि फागुन २९ गते सकिँदैछ। त्यसको अर्थ, माघ २९ सम्म नयाँ राष्ट्रपतिको निर्वाचन भइसक्नु पर्नेछ। त्यो बेलासम्म सरकार बनिसक्नेछ।

त्यसैले अहिलेको प्रमुख अन्यौल सरकार बन्ने कुरामा हो। सरकार कसको बन्छ, कसरी बन्छ भन्ने अन्यौल र अस्थिरताका बीच मुलुकभित्र र बाहिरका सबै शक्तिहरूलाई आफ्नो भूमिका खोज्ने र स्वार्थ

*बाँकी पाँच पृष्ठमा*


**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**

**रुपनी गाउँपालिका, सप्तरी**

# पुस्तान्तरणः महत्वाकाङ्क्षा कि समाधान ?

**राजेन्द्र किराती**

पछिल्लो समय पुस्तान्तरणको चर्चाले राम्रै स्थान पाइरहेको छ । युवा र वूढाको वहस निकै पेचिलो बन्दै गइरहेको छ । यति मात्र होइन, औसत परम्परागत पार्टीहरू भन्दा नयाँ पार्टी, त्यसमा पनि स्वतन्त्र अझ युवाहरूलाई बनीबनाउ विकल्पको रुपमा हेर्न थालिएको छ ।

हाम्रो अर्थराजनीतिमा धेरै समस्या विद्यमान छन् । विकृति र विसंगतिहरू बढिरहेको छ । जनविश्वासहरू घट्दै गइरहेको छ । यद्यपि नेपाली समाजमा विद्यमान समस्याको मुलभूत कारणहरू के के हुन् र त्यसको वास्तविक निकास कसरी हुन्छ भनेर गहिरो चिन्तन् मनन् भने भएको देखिदैन ।

नेपाली राजनीतिमा धेरै समस्याहरू विद्यमान रहेको कुरा सत्य हो । त्यसको समाधान खोज्नैपर्ने टड्कारो वस्तुगत आवश्यक्ता छँदैछ । तर समाधानको मुख्य जरा वा कडी के हो भनेर पहिचान गर्नेतर्फ सचेत ध्यान गएको छैन । हाल प्रयोगमा आइरहेको वैकल्पिक अभिमतहरू त्यति वस्तुसंगत, मूर्त र समाधान केन्द्रीत देखिदैन ।

वस्तुतः पुस्तान्तरण हुनुपर्दछ । युवाहरूलाई उचित भूमिका दिनैपर्दछ । यसमा धेरै तिक्त तर्क वहस गरिरहनु कुनै जरुरी छैन । तर के युवाहरू निरपेक्ष समाधान हुन् त ? यस्ता यक्ष प्रश्नको जवाफ निकै जटिल देखिन्छ ।

पुस्ता वा युवाको कुरा गर्दा पौराणिक कालका शक्तिशाली राजामहाराजाहरूलाई पनि राजकुमारहरूले राजगद्धीबाट हटाएको धेरै दृष्टान्तहरू छन् । ती राजकुमार वा राजपरिवारका सदस्यहरूले पनि शासन सत्ता राम्रोसँग सञ्चालन गर्न नसकेको, शान्ति सुरक्षाको प्रत्याभूति नभएको, प्रजाको भलो गर्न नसकेको, समय सापेक्ष सक्षम शासक वन्न नसकेको अनि शक्तिशाली राजाको रुपमा नेतृत्व गर्न नसकेको भन्दै उनीहरूलाई सत्ताच्यूत गरिन्थ्यो । त्यसपछि त्यहाँ अन्य नयाँ र युवा राजकुमारहरू सत्तासीन हुन्थे । यद्यपि समस्या भने ज्युँ का त्युँ हुने गर्दथ्यो ।

बाजे, बाबा, काका र दाजुले गर्न नसकेको काम म गर्छु भनेर राजगद्दी ताक्ने युवा राजकुमार पनि अन्ततः उही ड्याङ्गको मुला हुन पुगे किन ? यसको वस्तुवादी कारणहरू असाध्यै स्पष्ट छ । खास गरी त्यहाँ राजतन्त्रात्मक शासन प्रणाली वा पद्यति उही छ । राजदरवार र भाइ भारदार उही छ । सिंहसान र ढोंग-ढर्रा एउटै छ । मनोवैज्ञानिक भाष्य उही छ । परम्परा, सँस्कार र सँस्कृति उही छ । सोंच, चिन्तन् र मनोविज्ञान उही छ । राजकीय खानदान, उठवस, शान, मान र मर्यादा उस्तै छ । पावर, पद, प्रतिष्ठा र प्रभाव उस्तै छ । सर्वोच्चता र निचताको लक्ष्मणरेखा उस्तै छ । प्रधानतः सिंगो राजसिंहासनको चरित्र उही छ ।

तब त्यहाँ व्यक्ति परिवर्तन वा युवा परिवर्तन गरिएपनि गुणात्मक परिणाम केही पनि हात लागि हुँदैन । त्यस्ता निरङ्कुश राजतन्त्रलाई उल्टाउन पुस्तौं पुस्तासम्म जनताले लड्नु परेको तितो इतिहास कसैमा छिपेको छैन ।

हिजोआज स्वतन्त्र र नयाँ पार्टीको पनि निकै चर्चा हुन थालेको छ । पुरानो पार्टी र नेताप्रति वुझेर हो वा नवुझी आम वितृष्णा फैलिएको छ । पुरानो पार्टी र बूढा नेताले गर्न नसकेको काम स्वतन्त्र, नयाँ पार्टी र युवा नेतृत्वले रातारात सल्टाइहाल्छन् भन्ने बनीबनाउ भाष्य सिंगो समाजमा जवरजस्त रुपमा दर्ज गरिदैछ । तर यस्ता मनोविज्ञानहरू मात्रै भरपर्दो समाधान नहुन सक्छ ।

किनभने पुरानो पार्टी र बूढा नेताहरूले टेकेको समाज, अपनाइएको शासन प्रणाली, राजकीय सिद्धान्त, संविधान, ऐन, कानुन, विधि, प्रक्रिया, सोंच, चिन्तन्, मनोविज्ञान, जीवन व्यवहार, महत्वाकाङ्क्षा, जीवनशैली, कार्यशैली, स्वार्थगत लेनादेना स-सम्पर्क-सम्वन्ध, अर्थराजनैतिक उठवस, सामाजिक संस्कार, साँस्कृतिक भाष्य, धार्मिक परम्परा, ढोंग-ढर्रा-आडम्वरी सामाजिकी, शक्ति-शान-प्रतिष्ठा-प्रभाव प्रदर्शन अनि दम्भ-घमण्ड-मपाईत्व सबै उस्तै छ ।

तब यही धरातलमा उभिएको त्यही पार्टीको विचारद्वारा निर्देशित एउटा युवाले कसरी जादुगरी शैलीमा समाधान गर्ला त हाम्रो समाजमा व्यप्त यति विघ्न असंगत पक्षहरू ? यो वेला यस्तै यक्ष प्रश्नहरूको सही उत्तर खोज्न अनिवार्य देखिन्छ ।

वस्तुतः स्वतन्त्र, नयाँ पार्टी र युवाहरूले केवल सिकारु जोगीले धेरै खरानी घसेजस्तै विग्रेको, भत्केको कुराहरूलाई चोटिलो र गहकिलो किसिमले अभिव्यक्त गर्दै आफ्नो स्वार्थगत उद्देश्य प्राप्ती गर्ने कसरतलाई बुझ्न कठिन छैन । उनीहरूले गम्भीर सवालहरू नै उठाइरहेका छन् । भाषण र कुरा मिलाएर गरिरहेका छन्, अनि प्रतिवद्धताहरू आकर्षक र कलात्मक ढंगले प्रस्तुत गरिरहेका छन् । नाराहरू मन छुने नै लगाइरहेका छन् । पुरानो पार्टी र नेताहरूको कमी कमजोरीलाई उजागर गरिरहेका छन् । पार्टी र नेताहरूले केही गल्ती कमी कम्जोरीहरू पनि गरेकै छन् ।

त्यसो त कतिपय जनस्तरबाट उठाउनै पर्ने सवालहरू पनि छन् । अर्थात् उनीहरूले समाजोपयोगी र जनहितकारी मुद्धाहरू नै उठाइरहेका छन् । उनीहरूले उठाएका मुद्धाहरूमा हाम्रो विमति कदापी होइन । उनीहरू राजकीय प्रणाली र पद्धतिमा समस्या रहेको चूरो विषय वा गहिराइमा जाँदैनन् । उनीहरू केवल यो पार्टी, त्यो पार्टी अनि यो व्यक्ति र त्यो व्यक्तिमा मात्र खोट देख्छन् र सतही र अमूक समाधान खोज्छन् । मतदाताहरूको दिग्भ्रमलाई आफ्नो स्वार्थ सिद्धिको भऱ्याङ वनाउँछन् । साँच्चै चित्त नवुझेको विषय यही हो । प्रणालीमा समस्या भएपछि विर्खवहादुरले गर्न नसकेको काम तीर्थवहादुरले गर्छ भन्नु विज्ञानसम्मत हुँदैन । असहमति र विरोध यहीनेर हो ।

तब यस्ता प्रतिवद्धताहरू केवल एउटा नयाँ जोगीले धेरै खरानी घसेजस्तै मात्र हुन पुग्दछ । नयाँ जोगीले धेरै खरानी लगाउनु उसको वाध्यता हो । जोगी वन्न अरु जोगीको भन्दा उसको संघर्ष, त्याग र लगानी निकै कम छ । यसकारण उसले जोगीको ट्याग झुण्ड्याउन पाएकै छैन । जोगी ट्याग झुण्डयाउनु छ अनि चिनिनु पर्नेछ, साथै परिचित हुनुछ तर धेरैले चिन्दैनन् । त्यसैले, पेशेवर जोगीको प्रसिद्धी वा व्राण्ड वनाएर धेरैलाई जित्नुछ वा उनीहरू भन्दा अघि बढ्नु छ ।

तर उसले पनि जोगीको स्थापित व्राण्ड बनाइ सकेपछि वा स्वार्थ सिद्ध गरिसकेपछि औसत अरुले जस्तै खरानीको सानो टीका मात्र लगाउन थाल्नेछ । सामान्य जोगीकै भेषभुषा, चालचलन र व्यवहार प्रदर्शन गर्नेछ । तब अन्ततः औसत जोगीकै रुपमा स्थापित हुनेछ । अपवादवाहेक राजनीतिमा पनि यही सार्वभौम नियम लागु हुने देखिन्छ ।

यसकारण धेरै स्वतन्त्र, युवा र नयाँ पार्टीहरूको ठूलो र कलात्मक खरानीको टीका देखेर वा सुनेर हावामा तरङ्गित हुनु भन्दा सतहमा उभिएर ठोस र वस्तुसंगत निर्णय गर्नु वुद्धिमानी हुन्छ । यो सचेत नागरिकको ऐतिहासिक कार्यभार पनि हो ।

मूलतः निरपेक्ष रुपमा चरम महत्वाकाङ्क्षा र आत्मकेन्द्रीत स्वार्थद्वारा निर्देशित समाजमा पुस्तान्तरण र स्वतन्त्रको कुरा भनेको पनि स्वार्थगत लेनादेनाको गुरुत्वकेन्द्र वरिपरिबाटै आउने गर्दछ । वर्तमान राष्ट्रिय राजनीतिमा अन्तरनिहीत असंगतिलाई आन्दोलनकै रुपमा अघि वढाएर समाधान गर्ने हो भने सबैले यस्तो अभियानलाई 'सल्युट' गर्दै साथ र सहयोग दिनुपर्दछ । यसलाई संगठित र योजनावद्ध ढंगले एउटा आन्दोलनकै रुपमा अघि वढाउनुपर्दछ, जसले गलत प्रणालीलाई नै वदल्ने हैसियत राख्न सकोस् ।

आन्दोलनको ऐतिहासिक प्रक्रियामार्फत् वर्तमान वेथिति र विसंगतिहरूलाई निर्मूल गर्दै एक सुन्दर, शान्त, समृद्ध र उन्नत समाज निर्माणको निर्मम संघर्षकै रुप हो भने हाम्रो पनि समर्थन रहनेछ । तर आत्मकेन्द्रीत व्यक्तिवादी स्वार्थ र महत्वाकाङ्क्षाले नेतृत्व गरिरहेको समाजमा यस्तो कल्पना गर्नु दिवास्वप्न मात्र हुन्छ । यस्ता सबै तिकडम् र ट्याक्टीसहरू उही नयाँ जोगी वन्ने महत्वाकाङ्क्षी स्वार्थ अन्तरगतकै साक्षात रिहर्सल मात्र हुन् ।

तर उपभोगवादी साँस्कृतिक स्वार्थद्वारा निर्देशित विश्व मानव समाजमा पछिल्लो समय उपभोग वासनासँगै चरम् महत्वाकाङ्क्षा र अति स्वार्थले घर गरेको देखिन्छ । यसले स्वभाविक प्रक्रियाबाट भन्दा पनि छिटोमीठो तरिकाले विना लगानी स्वार्थपूर्तिको सपनासँगै स्वाद फेर्ने मनोवैज्ञानिक भाष्य निर्माण गरिरहेको छ । यस्तो चिन्तन् प्रवृत्तिले विचार, राजनीति, दृष्टिकोण, सही र गलत, अग्रगामी र पश्चगामी अनि एजेण्डाहरूलाई नजरअन्दाज गर्दछ ।

उनीहरू केवल अमूक र अमूर्त विकास, समृद्धि, सुशासन र भ्रष्टाचारविहीन समाजको परिकल्पना गर्दछन् । हल्लाखल्ला र महौलको पछि लाग्दछन् । मीठो,

*बाँकी चार पृष्ठमा*


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काल नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

**गुनासोका लागि**
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी**
**०३१-५२२५२३**

# कम्बल वितरण गर्ने तयारी

**जनकपुरधाम**/शीतलहर र चिसो बढेसँगै मधेस प्रदेश सरकारले कम्बल वितरण गर्ने तयारी थालेको छ ।

शीतलहरबाट प्रभावित गरिब, विपन्नको तथ्याङ्क सङ्कलन गरी कम्बल वितरण गर्ने तयारी सुरु गरिएको मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले जानकारी दिनुभयो । प्रदेश सरकारले सुरक्षा निकाय सम्मिलित प्रदेश विपद् व्यवस्थापन समितिको बैठकबाट शीतलहरबाट प्रभावित गरिब, विपन्नको तथ्याङ्क सङ्कलन गर्ने र त्यही आधारमा कम्बल वितरण गरिने निर्णय भएको मन्त्री साहले बताउनुभयो ।

"चिसोबाट प्रभावितको लागि न्यानो लुगा र कम्बलको जोहो गरिरहेका छौँ", मन्त्री साहले भन्नुभयो, "चिसोबाट प्रभावितलाई कम्बल वितरणको तयारी थालेका छौँ, स्थानीय तहसँग समन्वय गरेर काम अघि बढाइनेछ ।" यसबाहेक प्रदेश सरकारले चिसोबाट जोगिन सन्देशमूलक सूचनासमेत प्रचारप्रसार गर्दै आएको मन्त्री साहको कथन थियो ।

यस वर्ष चिसोको कारण कुनै किसिमको मानवीय क्षति हुन नदिन न्यानो लुगासँगै काठ दाउरा वितरणको कामसमेत अघि बढाउन समन्वय भइरहेको उहाँले बताउनुभयो । "शीतलहरबाट जोगिन पूर्वतयारीबारे प्रदेशका आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायका प्रमुखसँग प्रत्यक्ष सम्पर्कमा छौँ", मन्त्री साहले भन्नुभयो, "चिसोबाट जोगिन आवश्यक पर्ने न्यानो लुगा र दाउरालगायतको बन्दोबस्तीमा प्रदेश सरकारले समन्वय गरिरहेको छ ।"

विगतमा जाडो बढेपछि चोकचोकमा आगो बाल्न दाउराको व्यवस्था हुँदै आएको छ र यस पटक पनि स्थानीय प्रशासनसँग छलफल गरेर तयारी गरिरहेको मन्त्री साहले बताउनुभयो ।

चिसो बढेसँगै सुरक्षाकर्मीले विभिन्न चोकचोकमा आगो बाल्न दाउरा वितरण थालेका छन् । बर्सेनि चिसोबाट मधेस प्रदेशमा करिब १५ प्रतिशत नागरिक प्रभावित हुने गरेको प्रदेश नीति तथा योजना आयोगको तथ्याङ्कले देखाएको छ । "प्रदेशको कूल जनसङ्ख्यामध्ये करिब १५ प्रतिशत जनसङ्ख्या दलित, विपन्न छन्, ती सबै चिसोबाट प्रभावित हुने गरेका छन्", प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष भोगेन्द्र झाले भन्नुभयो, "अधिकांशसँग चिसोबाट जोगिन ओढ्ने, ओछ्याउने न्यानो लुगा हुँदैन, त्यसैले चिसोबाट कतिपयले ज्यानसमेत गुमाउने गर्छन् ।" हरेक वर्ष हुने शीतलहर र चिसोका कारण अनाहकमा सर्वसाधारणले ज्यान गुमाउने गरेका छन् ।

यसैबीच विगत केही दिनयता बढेको अत्यधिक चिसो र शीलहरका कारण मधेस प्रदेशका जिल्लाको जनजीवन कष्टकर बनेको छ । चिसोका कारण दूधे बालकदेखि वृद्धवृद्धा बढी प्रभावित भएका छन् । चिसो बढ्दै गएपछि अस्पतालमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियालगायतका बिरामीको चाप बढेको जिल्ला स्वास्थ्य कार्यालय धनुषाले जनाएको छ ।

विगत तीन दिनदेखि घाम नउदाउनुका साथै चिसो हावा चलेका कारण सर्वसाधारण आगो बालेर दिन बिताउन बाध्य भएका छन् । चिसो बढेपछि ग्रामीण तथा बजार क्षेत्रमा सर्वसाधारणको चहलपहल र आवागमन पातलिएको छ भने सरकारी कार्यालयमा सेवाग्राहीको चाप घटेको छ । चिसो बढ्ेपछि बजारमा सर्वसाधारणको चहलपहल घटेको जनकपुरधामका व्यापारीले बताएका छन् ।

## *पुस्तान्तरण: ...*

गुलियो, आकर्षक र औपचारिक पदावलीहरूमा रुम्मलिने गर्दछन् । वस्तुत उनीहरूको परिकल्पनाले वस्तुगत धरातल टेकेको वा छोएको हुँदैन ।

उपभोगवादी अर्थराजनीतिक स्कुलिङ्मा मतदाताहरूसमेत विना विचार र एजेण्डा भड्किने र वहकिने गर्दछन् । निश्चित वैचारिक लगाम हुँदैन । उनीहरूमा स्पष्ट अडान हुँदैन । आज यता, भोलि उता कुनै ठेगान हुँदैन । यस्तो वेला जनता जनार्दनले सही नै फैसला गर्छन् भन्ने केही ग्यारेण्टी हुँदैन ।

यस्तो परिवेशमा अलि अस्वभाविक ढंगले कुनै पनि वस्तु, व्यक्ति वा सत्ताको उठान र पतन हुने गर्दछ । त्यसमा अझ शक्तिकेन्द्रहरूको चलखेल जोडिदा अनुमान गरेभन्दा धेरै भिन्न तस्वीरहरू पनि पर्दामा आकस्मिक रुपमा देखिने गर्दछ ।

यस्तो प्रतिकुल परिवेशमा अमूर्त गोलमटोल सुगरकोटेड नारा र प्रतिवद्धतारुपी कमाण्डलु वोकेर आउने नयाँ जोगीलाई हामीले आलोचनात्मक दृष्टिबाट मूल्याङ्कन गर्नुपर्दछ । अन्यथा हामीहरू फेरि नयाँ जोगीको महाजोगी बन्ने रणनैतिक स्वार्थको जालोमा नराम्ररी फँस्नेछौं ।

त्यसैले, पुस्तान्तरणको उठान सही भएपनि अमूर्त छ । यसमा वस्तुवादी समाधानको आधार देखिदैन । स्वतन्त्रहरूले राम्रै मुद्धाहरू उजागर गरेका छन् तर त्यो अमुक छ । यसको दीर्घकालीन हल गरेरै छाड्ने स्पष्ट आधार भेटिदैन ।

युवा हुनु नै सवै समस्याको समाधान होइन । स्वतन्त्र हुनु नै बनीबनाउ हल होइन । पुरानो पार्टी र बूढो नेता हुनु नै अभिशाप होइन । यद्यपि युवाहरूले पनि त्यही बूढा नेताले नेतृत्व गरिरहेको खास पार्टीकै आधारभूत राजनैतिक विचारद्वारा निर्देशित भएर काम गर्ने होला ।

उदाहरणको लागि गगन थापाले आखिर काँग्रेसकै वैचारिक पदचिन्हअनुसार काम गर्नुपर्दछ । आकाश धरती नै जोडिन्छ भनेर हावादारी वा मनगढन्ते विश्लेषण गर्नुहुँदैन । ट्याक्टफुल्ली उठाइएको पुस्तान्तरणको महत्वाकाङ्क्षी रणनीतिमा धेरै भर नपरौं । यो समाधान नभएर केवल कसैको स्वार्थ र महत्वाकाङ्क्षाको धीत मार्ने क्याप्सुल मात्र हुन सक्छ ।

यता राष्ट्रिय राजनीतिमा व्याप्त समस्याहरू भनेको कुनै अमूक पार्टी वा नेताहरूको कारण मात्र पैदा भएको समस्या होइन । यो त हामीले प्रयोग गरिरहेको अर्थराजनैतिक प्रणालीमा रहेको समस्याहरूकै उपज हो ।

तसर्थ पुस्तान्तरणलाई निरपेक्ष र बनीबनाउ समाधान देख्नु अल्पज्ञान वा वैचारिक दरिद्रता हुन्छ । सही विचार, दृष्टिकोण, कार्यदिशा र कार्यक्रम हेरेर वस्तुवादी समाधान खोज्ने गरौं । प्रणालीमा रहेको खोटलाई बदलौं । परम्परागत र असंगतपूर्ण चिन्तन् प्रवृत्तिहरूलाई निस्तेज गरौं ।

युवा, प्रौढ र वृद्धाहरू एकअर्काका परिपूरक साधनहरू हुन् । तिनै पुस्ताहरू बिचको संगठित, एकीकृत र प्रतिवद्ध विचारमा मात्र समाधान देख्ने गरौं । अनि मात्र हामी समस्याहरूको दीर्घकालीन समाधान गर्न सक्नेछौं । अन्यथा यस्तो अमूक र गोलमटोल नाराद्वारा कसैले आफ्नो स्वार्थ र महत्वाकाङ्क्षा त पुरा गर्ला तर राष्ट्रिय राजनीतिमा व्याप्त असंगतिहरूको वस्तुवादी समाधान हुँदैन । सबैलाई चेतना भया ! रातोपाटीबाट






## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

### तरल राजनीतिमा ...

स्थापित गर्न प्रयत्न गर्ने मौका मिलेको छ ।

दोस्रो, यो अन्यौलबीच आफ्नो स्वार्थ मिल्ने दलहरूलाई सरकार गठनमा सहयोग गर्न बाह्य शक्तिहरूले सक्रियता देखाएका छन् । यो सक्रियतासँगै उनीहरूले आफ्नो स्वार्थ स्थापित गर्न खोज्ने नै भए। राष्ट्रपतिमा रेग्मीको प्रस्ताव त्यसैको कडी हो ।

तेस्रो, राष्ट्रपतिको विषयलाई लिएर कांग्रेस दोहोरो दबाबमा छ । सकेसम्म प्रधानमन्त्री देउवाको प्राथमिकता पाँच वर्षका लागि राष्ट्रपति र पहिलो चरणमा प्रधानमन्त्री कांग्रेसले नै लिने हो । उनी माओवादी केन्द्रलाई सुरूमै सभामुख र दोस्रो चरणमा प्रधानमन्त्री दिन चाहन्छन् । राष्ट्रपति र पहिलो चरणमा प्रधानमन्त्री पनि आफैं राख्ने देउवाको मनसुवाले प्रचण्ड भने भ्रस्किएका छन् ।

अर्कोतिर गैरराजनीतिक व्यक्ति राष्ट्रपति बनाउने बाह्य सुझाव र स्वार्थ देउवाले झेलिरहेकै छन् । 'कांग्रेसलाई ग्राह्य हुने गैरराजनीतिक व्यक्ति खोज्न सके प्रचण्डलाई मनाउन र बाह्य दबाब बेहोर्न पनि सजिलो हुन्थ्यो कि भन्ने प्रधानमन्त्रीलाई लागेको देख्छु म,' देउवानिकट एक नेताले भने ।

राष्ट्रपतिमा प्रस्ताव गर्न मिल्ने अनुराधा कोइराला वा अरू कुनै व्यक्तिको खोजीमा देउवा लाग्नुको कारण त्यही हो ।

पछिल्ला पाँच वर्षमा राष्ट्रपति र सभामुख दुवै पद राजनीतिक हिसाबले कति संवेदनशील र विशेष समयमा कति महत्वपूर्ण हुने रहेछन् भन्ने देखियो । यसले गर्दा पनि राष्ट्रपति र सभामुख पदको बाँडफाँट यसपालिको भागबन्डामा पेचिलो बनेको छ ।

सभामुखमा अग्नि सापकोटाको सट्टा सुवास नेम्वाङ हुन्थे भने आज मुलुकको राजनीति अर्कै 'कोर्स' मा हुन्थ्यो। अघिल्लो संसदमै माधव नेपाल समूहका सांसदहरूको पद जान्थ्यो । संसदमा प्रतिनिधित्वसहितको एकीकृत समाजवादी भन्ने दल बन्ने सम्भावना थिएन । न त केपी ओली नेतृत्वको सरकार गिरेर देउवाको नेतृत्वमा सरकार बन्थ्यो ।

अर्कोतिर राष्ट्रपतिका कारण संविधानको धारा ७६ (५) अनुसार बहुमत सांसदले हस्ताक्षर गरेर समर्थन दिएको व्यक्ति झन्डै नेपालको प्रधानमन्त्री बन्न पाएन । प्रधानमन्त्री छान्ने सांसदको सार्वभौम र संविधान प्रदत्त अधिकार राष्ट्रपतिले भण्डारीले हरण गरिन् । सांसदहरूको त्यो हक स्थापित गर्न सर्वोच्च अदालतले परमादेश जारी गर्नुपर्‍यो ।

त्यसबाहेक राष्ट्रपति भण्डारीले संसदले पास गरेर पठाएको विधेयक जारी नगरेर एउटा डरलाग्दो नजिर स्थापित गरेकी छन् । संसद वा सरकारले संविधान र कानुनसम्मत गरेको निर्णय संवैधानिक राष्ट्रपतिले कार्यान्वयन नगरे हुन्छ वा रोके हुन्छ भन्ने नजिर कम्ता डरलाग्दो छैन ।

यसले गर्दा राष्ट्रपति वा सभामुखजस्ता पदलाई लिएर सबै जना सशंकित मात्र छैनन्, गैरसंवैधानिक शक्ति प्रयोगको नजिरका कारण ती पद आवश्यकभन्दा बढी महत्त्वपूर्ण बनेका छन् । यो पृष्ठभूमिमा आफ्नो स्वार्थ अनुसारको मानिस त्यहाँ पुर्‍याउन सके भोलि भैपरी आउँदा आफ्नो हात माथि पर्थ्यो भन्ने बाह्य शक्तिको मनमा पनि परेको छ ।

एकैछिन पछि हटेर हामी यो अस्थिरता र अन्यौलमा कहाँबाट, कसरी आइपुग्यौं भनेर हेरौं । त्यसले मात्रै यहाँबाट हामी कसरी बाहिर निस्किन सक्छौं, त्यसका लागि के आवश्यक पर्छ भन्ने थाहा हुनेछ ।

धेरैलाई यसपालिको चुनावले यो अस्थिरता जन्मायो भन्ने लाग्छ । तात्कालिक हिसाबले त्यो गलत पनि होइन । तर अहिलेको अस्थिरताको विजारोपण २०७७ पुस ५ मा भएको हो जुन दिन शक्तिशाली नेकपामा कलह र विग्रहका कारण संसद विघटन भयो र नेकपा विभाजित हुने अवस्थामा पुग्यो । नेकपाभित्रको कलहले अस्थिरता र बाह्य शक्तिको हस्तक्षेपका लागि ठाउँ पनि दियो ।

नेकपाको सरकार बनेको पहिलो दुई वर्षभन्दा बढी समय नेकपा एक थियो। हाम्रा बाह्य सम्बन्ध पनि सन्तुलित थिए । जब कलह बढ्न थाल्यो, उत्तरी छिमेक चीन त्यसलाई शान्त पार्न सक्रिय बन्यो। जसरी पनि नेकपाभित्रको विवाद सल्टाउन उसले प्रयास गर्‍यो । सरकारमा ओलीको नेतृत्वलाई पाँच वर्षसम्म मान्न र नेकपालाई एक राख्न दबाब दियो । त्यो दबाबले काम गरेन र सरकारबाट ओलीलाई हटाउने दिशामा प्रचण्ड, माधव नेपाल, झलनाथ खनालसहित बहुसंख्यक सांसद र पार्टी अगाडि बढ्ने अवस्था आयो ।

त्यसपछि प्रधानमन्त्री ओलीले नै भारतसंग सुलह गरे। भारतीय गुप्तचर संस्था र'अका प्रमुख सामन्तकुमार गोयलको बालुवाटारमा प्रधानमन्त्री ओलीसँग मध्यरातमा मन्त्रणा त्यही सुलहको सुरूआत थियो ।

भारतले यसपछि ओलीलाई जसरी पनि सत्तामा टिकाउने र उनकै नेतृत्वमा चुनाव गराउनेमा भगिरथ प्रयत्न गर्‍यो । ओलीको सरकार हटाएर नयाँ सरकार बनाउने प्रयत्न गर्नुभन्दा उनकै नेतृत्वमा चुनावमा जान देउवा र नेपाली कांग्रेसलाई मनाउन भरसक प्रयत्न गर्‍यो । दबाव नै दियो । त्यो दबाब काम लागेन र देउवाको सरकार बन्यो । अहिले भारत यही सरकारसँग मिलेर काम गरिरहेको छ । आउने दिनमा स्थिरता कायम गर्ने र बाह्य हस्तक्षेप न्यून गर्ने दुइटा बाटा छन् ।

पहिलो, अहिले गठबन्धनरत दलहरूबीच विश्वास कसिलो बनाउने । सबै मतभेद आफैं टुंग्याउने र सबै पदको राजनीतिक बाँडफाँट गर्ने । बाह्य हस्तक्षेपका लागि ठाउँ नराख्ने ।

यो निर्वाचन परिणाम आएपछि मैले प्रचण्डनिकट माओवादीका एक शक्तिशाली नेतालाई सोधेको थिएँ- फेरि पनि कम्युनिस्ट पार्टीहरू एक ठाउँ आएर वामपन्थी सरकार बनाउने सम्भावना कति छ ? उनले अनुभवका आधारमा वामपन्थी गठबन्धनबारे आफ्नो सोच बदलिएको बताए ।

मैले सोधेँ- किन ?

'वामपन्थी सरकार काम लाग्दैन। टिक्दैन। टिक्न दिँदैनन्,' उनले भने ।

नेपालको राजनीतिक-सामाजिक धरातललाई हेर्दा पनि लोकतान्त्रिक-वामपन्थी सरकार नै ठीक हुने उनले तर्क गरे ।

'कांग्रेस र माओवादी केन्द्र एक ठाउँ उभिँदा समाजका दुई फरक वर्ग र तप्काको प्रतिनिधित्व हुन्छ,' उनले भने, 'यी दुई वर्गको प्रतिनिधित्वले समाजमा सन्तुलन र स्थायित्व ल्याउँछ । सरकारका नीतिहरूलाई व्यावहारिक बनाउन पनि सहयोग पुग्छ ।'

ती माओवादी नेताले मीठोसँग 'सैद्धान्तीकरण' गरे पनि कांग्रेस र माओवादी केन्द्रबीचको मूल समस्या भनेको यी दुई शक्तिबीचको अविश्वास हो । हामी फरकफरक राजनीतिक शक्ति हौं र अहिले सत्ताका लागि मात्र मिलेका वा मिल्न प्रयत्न गरेका हौं भन्ने दुवैलाई थाहा छ ।

त्यसबाहेक यी दुवै दलका मतदाताले एकअर्कालाई धेरै रूचाएको देखिएन । २०७४ सालको चुनावमा एमाले र माओवादी केन्द्रले गठबन्धन बनाएर लड्दा जति सजिलै दुई दलबीच 'मत-ट्रान्सफर' भएको थियो, यसपालि त्यति नै कठिन देखियो । अर्को निर्वाचन आउने बेलामा माओवादी केन्द्रमा फेरि कांग्रेससँग मिलेर जानु ठीक वा वामपन्थी एकता गर्नु ठीक भन्ने बहस फेरि सुरू हुनेछ ।

कांग्रेस-माओवादी अहिले एउटै गठबन्धनमा बसे पनि त्यो स्थिर हुन्छ र पाँच वर्षसम्म जान्छ भन्नेमा शंका छ । त्यसैले कांग्रेस-माओवादीले दीर्घकालीन समझदारी र कसिलो विश्वास निर्माण गर्न नसक्ने हो भने गठबन्धन अस्थिर रहनेछ । न त यसले डेलिभरी दिनेछ, न स्थायित्व ।

अब अन्यौल हटाउने र स्थिरता कायम गर्ने दोस्रो बाटो हेरौं । अहिले सरकार कसको बनाउने, प्रधानमन्त्री को बन्ने, राष्ट्रपति कसलाई बनाउने भन्नेमा गठबन्धनका दलहरूबीच मात्र छलफल भइरहेको छैन । एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादीबीच पनि विभिन्न तहमा छलफल जारी छ । निर्वाचन सकिनेवित्तिकै एमालेका धेरै प्रमुख नेताहरूले आफ्नो दलले सरकार बनाउन सकेसम्म प्रयत्न गर्नुपर्ने सार्वजनिक धारणा राखेका थिए । उनीहरू अहिले चुपचाप छन् । एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादीबीच गठबन्धनको सम्भावना सकिएर उनीहरू चुप भएका होइनन् । चुपचाप यसलाई सम्भव बनाउन लागेकाले नबोलेका हुन् ।

एमाले अध्यक्ष ओलीको अनुमतिमा एमालेका प्रमुख नेताहरूले विभिन्न तहमा माओवादी केन्द्र र एकीकृत समाजवादीका नेतासँग कुरा गरिरहेका छन् । प्रचण्डलाई पहिलो चरणमा प्रधानमन्त्री बनाउने र तीन वर्षपछि पार्टी एकता गर्ने प्रस्ताव एमालेले गरेमा र त्यसमा उनी विश्वस्त भए प्रचण्डले एमालेसँगकै गठबन्धन रोज्छन् भन्ने मलाई लाग्छ ।

एमाले, माओवादी केन्द्र र एकीकृत समाजवादी एक ठाउँमा उभिए भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) मिलेर संसदमा बहुमत पुग्छ । यी तीनै प्रमुख वामपन्थी दलका नेताहरूबीच प्रधानमन्त्री, राष्ट्रपति र सभामुखको पद बाँडफाँट गर्न पनि कठिन हुने छैन ।

यी वामपन्थी दलका कतिपय नेताहरूलाई कांग्रेसले दोस्रो विकल्पका रूपमा गैरवामपन्थी सरकार बनाउन पनि प्रयत्न गरिरहेको शंका छ । एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र राष्ट्रिय जनमोर्चाको गरेर संसदमा १२२ सिट पुग्छ ।

'हामीलाई बाहेक गरेर पनि गैरवामपन्थी दलको संसदमा बहुमत पुग्छ,' एक कम्युनिस्ट नेताले भने, 'आवश्यक परे त्यसलाई एकीकृत गर्न प्रयास पनि प्रधानमन्त्रीले गरिरहनुभएको होला ।'

तर गैरवामपन्थी सरकार बनाउन कम दुरूहपूर्ण छैन । त्यसका लागि कांग्रेस, राप्रपा, राष्ट्रिय स्वतन्त्र पार्टी, मधेसका तीन दल; जसपा, लोसपा र जनमत पार्टी र रेशम चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टीलाई एक ठाउँमा उभ्याउनुपर्छ । एक ठाउँमा उभ्याएर सरकार बनाए पनि त्यो टिक्ने सम्भावना त्यत्तिकै कमजोर हुन्छ ।

प्रमुख वामपन्थी दलहरूबीच सत्ता गठबन्धन र एकता हुँदाको सबभन्दा राम्रो पक्ष के हो भने यसले राप्रपा र जसपाको सहयोगमा तुलनात्मक रूपमा स्थिर सरकार दिनेछ । वामपन्थी दलहरूबीचको एकताले अन्ततः अरू दलहरूलाई पनि गठबन्धन र एकता कायम गर्ने अवस्था र बाध्यता सिर्जना गर्नेछ । त्यसले मुलुकको राजनीतिलाई दुई दलीय प्रतिस्पर्धातिर लैजान्छ । कुनै एक दलको बहुमत आउने र अर्को प्रतिपक्षमा बस्ने स्थिर राजनीतितर्फ मुलुकलाई लैजान्छ । त्योसँगै आन्तरिक राजनीतिमा वैदेशिक हस्तक्षेपको ठाउँ साँघुरिन्छ ।

वामपन्थी गठबन्धन बन्छ वा अहिलेकै सत्ता गठबन्धन कायम रहन्छ भन्ने तय हुन अझै केही समय लाग्नेछ । संविधानअनुसार नै पनि यसका लागि एक महिना जति बाँकी छ । प्रमुख दलहरू कुन बाटो हिँड्ने भन्ने निष्कर्षमा नपुग्उन्जेल राजनीति तरल नै रहनेछ । त्यो तरल राजनीतिमा भावी राष्ट्रपतिका रूपमा थप नामले राजनीति अझै रंगिने सम्भावना छ । सेतोपाटीबाट

## अन्तर्राष्ट्रिय समाचार

### लेबनानमा शरणार्थीको खाद्य सुरक्षास्तर चिन्ताजनक

**बेरुत**/लेबनानमा शरणार्थीको लागि खाद्य सुरक्षाको स्तर अत्यन्त चिन्ताजनक रहेको विश्व खाद्य कार्यक्रमका प्रतिनिधि र लेबनान देशीय निर्देशक अब्दल्लाह अल वार्दतले शुक्रबार बताएका छन् ।

लेबनानमा सिरियाली शरणार्थीको सन् २०२२ जोखिम मूल्याङ्कनको प्रारम्भिक निष्कर्षमा संयुक्त राष्ट्रसङ्घ सूचना केन्द्रले जारी गरेको प्रतिवेदन माथि अलवार्दतको टिप्पणीमा सो बारे उल्लेख गरिएको छ ।

"सिरियाली शरणार्थीको खानामा कटौती गरिएको छ, वयस्कहरूले आफ्ना बच्चाहरूलाई दिइने खानाको मात्रा कम गरिरहेका छन् र खाद्यान्न किन्नलाई प्राथमिकता दिन स्वास्थ्य र शिक्षा क्षेत्रमा खर्च कम गरिरहेका छन्," प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदनअनुसार अधिकांश शरणार्थीको पारिवारिक ऋण बढ्दो छ, धेरैले खाना किन्न पैसा उधारो लिएका छन् र लगभग ८७ प्रतिशत परिवारले खानालाई उनीहरूको मुख्य प्राथमिकताका रूपमा सूचीबद्ध गरेका छन् ।

लेबनानमा शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तका प्रतिनिधि अयाकी इटोले भने - संयुक्त राष्ट्रसङ्घ शरणार्थी राहत निकाय र यसका साझेदारले सबैभन्दा कमजोर अवस्थामा रहेका शरणार्थीलाई मद्दत गर्न र अस्पताल र नगरपालिकालगायत लेबनानका सार्वजनिक संस्थालाई सहयोग गर्न जारी राखेका छन् तर यो "पर्याप्त छैन ।"

कमजोर अवस्थामा रहेका शरणार्थी र लेबनानी परिवारका लागि थप मद्दत तत्काल आवश्यक छ रहेको बताइएको छ । एजेन्सी

### क्यानडाको भ्यानकुभरमा दुई हजार पाँच सय किलो अफिम बरामद

**भ्यानकुभर**/क्यानाडाको ब्रिटिश कोलम्बिया-क्यानाडा सीमा सेवा एजेन्सीले भ्यानकुभरको पश्चिमी तटीय बन्दरगाहमा २४७ शिपिङ प्यालेटबाट ५० मिलियन अमेरिकी डलरभन्दा बढी मूल्यको लगभग दुई हजार पाँचसय किलोग्राम अफिम बरामद गरेको छ ।

बरामाद गरिएको यो परिमाणको अफिम अहिलेसम्मको सबैभन्दा ठूलो परिमाण हो ।

गत अक्टोबर २५ मा मेट्रो भ्यानकुभर मरीन अपरेसनले यस अनुसन्धानको आधारमा १९ समुद्री कन्टेनर भित्र सामानको जाँच गरेको थियो। एक्स-रे टेक्नोलोजी सहित पत्ता लगाउने उपकरण र प्रविधिको प्रयोग गरेर अधिकारीहरूले ढुवानी प्यालेटहरूमा जाँच गरी सो पत्ता लगाएको बताइएको छ ।

अनुसन्धानको बारेमा कुरा गर्दै क्यानाडाका सार्वजनिक सुरक्षामन्त्री मार्को मेन्डिसिनोले समुदायको सुरक्षा सर्वोच्च प्राथमिकता रहेको बताएका छन् । अवैध लागुऔषध क्यानाडामा आउनबाट रोक्न र आपराधिक गतिविधि नियन्त्रण गर्ने कार्य सरकारको प्राथमिकतामा रहेको बताएका छन् । एजेन्सी

### विषाक्त मदिरा पिउँदा विहारमा ३७ जनाको मृत्यु

**छपरा**/विषाक्त मदिरा पानबाट पूर्वी भारतको विहार राज्यमा कम्तिमा ३७ जनाको मृत्यु भएको छ । त्यसक्षेत्रमा जहाँ मदिरा प्रतिबन्धित छ । विभिन्न सञ्चार माध्यमले मदिरापानबाट मृत्यु हुनेको सङ्ख्या ६० भन्दा बढी रहेको बताएका छन् ।

भारतका थुप्रै भागहरूमा मदिरा बेच्न र उपभोग गर्न प्रतिबन्ध लगाइएको छ । पछिल्लो दुःखद घटनाका पीडित परिवारले सोमबार विवाह र अन्य कार्यक्रममा विभिन्न गाउँका मानिसहरूले स्थानीय रूपमा बनेको 'महुआ' वा 'देशी दारु' नामले चिनिने टिप्पल पिउने गरेको बताएका छन् ।

त्यसपछि धेरैले पेट दुख्ने र दृष्टि गुम्ने र बान्ता हुने गरेको बताएका छन् । बिहीबारसम्म २० भन्दाबढी व्यक्तिको मृत्यु भइसकेको थियो र शनिबार झन्डै एक दर्जन गम्भीर अवस्थामा अस्पतालमा भर्ना भएका छन् ।

गत ४८ घण्टामा दुई दर्जनभन्दा बढी मानिसले ज्यान गुमाएका छन्," प्रहरी अधिकारीले एएफपीलाई बताएका छन् ।

अहिलेसम्म ३७ जनाको ज्यान गएको छ। उनले ६२ जनाको मृत्यु भएको स्थानीय मिडिया सञ्चार माध्यमले बताए पनि पुष्टि भने हुन सकेको छैन् ।

प्रहरीले पछिल्लो तीन दिनमा अवैध मदिरा उत्पादन तथा बिक्री वितरणमा संलग्न एक सयभन्दा बढीलाई पक्राउ गरेको छ भने ६ सय लिटरभन्दा बढी अवैध मदिरा बरामद गरेको छ ।

स्थानीय अधिकारीहरूले कालोबजारी रोक्न ड्रोन, हेलिकप्टर र मोटरबोटको प्रयोग गरिरहेका छन् । एजेन्सी

# जिल्लास्तरिय अन्तरबिधालय क्रिकेटमा पिसल्यान्ड र शिब्सको बिजय सुरूवात







**राजबिराज**/सप्तरी क्रिकेट संघको आयोजना तथा नेपाल क्रिकेट फाउन्डेशनको सहयोगमा संचालित जिल्ला स्तरिय अन्तरबिधालय एकदिवसिय क्रिकेट प्रतियोगितामा पिसल्यान्ड र शिब्स स्कुल बिजय भएका छन ।

शनिवार पविमाबिको खेलमैदानमा सम्पन्न पहिलो खेलमा टस जितेर पिसल्यान्डले २० ओभरमा ९ बिकेट गुमाएर १ सय ३५ रनको योगफल खडा गरेको थियो । जसमा अभिषेक मण्डलले ४२, मनु दास २७, शम्भु मण्डल २२ र राहुल मण्डलले ११ रन जोडेका थिए ।

बलिङतर्फ म्याक्सेल ईगंलिस बोडिंग स्कुलका प्रताप यादबले ३, कैलास साह २ र मो. कमरूद्दिन तथा मनोज यादबले १/१ बिकेट हात पारेका थिए ।

प्रतिउतरमा म्याक्सेल स्कुलले २० ओभरमा ९ बिकेट गुमाएर १ सय २५ रनमै सिमित भएपछि पिसल्यान्ड स्कुल १० रनले बिजय भएका हो । जसमा राहुल यादब २३, मो. कमरूद्दिन १४ असफक आलमले १८ रन बनाउदै अविजित रहेपनि टिमलाई जित दिलाउन सकेन ।

यस्तै बलिङतर्फ पिसल्यान्डका शम्भु यादबले ४ बिकेट मनु दास २ र आरयन दास, श्यामबाबु मण्डल, प्रदिप दासले समान १/१ बिकेट लिएका थिए । खेलको म्यान अफ दि म्याच अभिषेक मण्डल घोषित भएका थिए ।

यसैगरी शनिबारै सम्पन्न दोश्रो खेलमा कन्छुनरप्रताप माबि रायपुर र शिब्स स्कुल बिचको खेलमा रायपुर स्कुललाई शिब्सले २५ रनले पराजित गर्दै जित हात पारेको छ । टस जितेर शिब्सले २० ओवरमा ३ बिकेट गुमाएर १ सय ३७ रनको योगफल खडा गरेका थिए ।

जसमा विशाल यादबले उत्कृष्ट ब्याटिंग गर्दै अर्धशतकिय पारी खेल्दै ६४ रन बनाएका थिए भने त्यस्तै रोहित यादब ४७ रन, र कृष्ण साहले १६ रन जोडेका थिए । बलिङतर्फ रायपुर माबिका शनि चौधरी र अजय अधिकारीले १/१ बिकेट हात पारेका थिए । जवाफमा रायपुर माबिले २० ओभरमा ७ बिकेट गुमाई १ सय १२ रन मात्र बनाउन सकेको थियो ।

जसमा अमित चौधरी २२, सुमन चौधरी १८ र हेमन्त मेहताले १६ रन बनाएपनि जित हात पार्न सकेन, यो सँगै शिब्स २५ रनले खेलमा जित निकाल्न सफल भएका थिए । बलिङतर्फ शिब्सका कृष्ण साहले सर्वाधिक ४ बिकेट र सुशान्त देव/बिकास यादब/पंकज रायले १/१ बिकेट लिएका थिए ।

खेलको म्यान अफ दि म्याच शिब्सका विशाल यादब घोषित भए । आइतबारको पहिलो खेल नरेन्द्र मेमोरियल बोरिया र ग्रिन स्कुल राजबिराज तथा दोस्रो खेल लिटिल एन्जेल र लाली गुरास स्कुल बिच हुने भएको छ ।

# पीडित उत्थान युवा क्लवको वार्षिक साधारण सभा सम्पन्न



**राजविराज**/सप्तरीको बिष्णुपुर गाउँपालिका वडा नं.७ स्थित पीडित उत्थान युवा क्लवको पहिलो वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

आघारभुत विद्यालय विष्णुपुरमा पीडित उत्थान युवा क्लवको पहिलो वार्षिक साधारण साभा कार्यक्रममा प्रमुख अतिथिको आसन्नबाट बोल्दै विष्णुपुर गाउँपालिका वडा नं.७ का अध्यक्ष लोचन साहले आफ्नो कार्यकालमा सदैब पीडीत उत्थान युवा क्लवलाई सहयोग गर्नें र प्रत्येक बर्ष गाउँ परिषदमा वडाको बजेटबाट क्लवलाई संस्थागत क्षमता अभिवृद्धि तथा स्तरोन्नतीमा सहयोग गर्नें प्रतिबद्धता जनाए ।

विष्णुपुर क्लवका अध्यक्ष जयदेव रामको अध्यक्षतामा विशिष्ठ अतिथि समाजसेवी झबर प्रसाद राम तथा गंगा प्रसाद राम समेतको उपस्थिती रहेको थियो ।

# प्रहरीलाई ४८ घण्टे अल्टिमेटम

**राजविराज**/नेपाल पत्रकार महासंघ सप्तरी शाखाले पत्रकारलाई धम्की दिने व्यक्तिलाई पक्राउ गर्न प्रहरीलाई शुक्रबार देखी ४८ घण्टाको समय दिएको छ ।


महासंघको राजविराजस्थित कार्यालयमा पत्रकार सम्बद्ध नेपाल प्रेस यूनियन, प्रेस मञ्च नेपाल, प्रेस चौतारी नेपाल, समाजवादी प्रेस संगठन र प्रेस सेन्टर नेपालका अध्यक्ष तथा प्रतिनिधि सम्मिलित बैठकले सो निर्णय गरेको हो ।

शुक्रबार सम्पन्न बैठकले पत्रकार अवधेश झालाई धम्की दिने ब्यक्तिहरुमाथि पक्राउ गरी कारबाही प्रक्रिया अगाडी नबढाए महासंघ थप सशक्त संघर्ष गर्न बाध्य हुने शुक्रबार जारि विज्ञप्ती माफर्त सम्बद्ध निकायलाई अवगत समेत गराएको छ ।

महासंघका सभापति श्रवणकुमार देव र सचिव रामनारायण विश्वासद्वारा जारि विज्ञप्तिमा संस्थागतरुपमा जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिएपनि हालसम्म पीडकलाई प्रहरीले पक्राउ गर्न नसक्नुप्रति घोर आपत्ती जनाउँदै पत्रकार झा सप्तरी जिल्लामा बसेर समाचार संकलन गर्न असुरक्षितसमेत भएको उल्लेख छ ।

पत्रकार झाले १७ मंसिर २०७९ का दिन कान्तिपुर दैनिकको मधेश प्रदेश संस्करणको पेज नम्बर ४ मा प्रकाशित 'तोक आदेशमा कर्मचारी भर्ना' शिर्षकको समाचार लेखेका थिए ।

# अत्याधुनिक प्रविधिबाट दन्त उपचार सेवा सुरु



**राजविराज**/राजविराजमा अत्याधुनिक प्रविधिबाट दन्तरोग उपचार सेवा सुरु गरिएको छ । राजविराज ६ निवासी डा. नेहाकुमारी दासले संचालनमा ल्याएको सकुन्तला डेन्टल क्लिनिक एण्ड ओरोफेसियल केयर सेन्टरद्वारा दन्तको अत्याधुनिक प्रविधिबाट उपचार सेवा सुरु गरिएको हो ।

दुई वर्षअघि सेन्टर स्थापना गरि दन्त उपचार सेवा प्रारम्भ गरेकी संचालक डा. दासले सेवा बिस्तार गर्ने क्रममा अलाइनर्स प्रविधि समेत भित्राइएकी छिन् ।

डा. दासका अनुसार नेपालमा सर्वप्रथम काठमाडौंमा केही दिन अघिमात्र यस्तो प्रविधिबाट उपचार सुरु भएकोमा त्यसलगत्तै राजविराजमा अहिले उक्त सेवा सुरु गरिएको हो ।

नेपाल डेन्टल एशोसिएशन सप्तरीको महासचिव समेत रहेकी डा. दासले यो प्रविधि दन्त रोगले पीडित बिरामीका लागि अत्यन्तै सहज, सरल र सस्तो पर्ने बताउछिन् ।

उनले विगतमा नमिलेका, बेरंगी, थोते र बाङ्गोटिङ्गो दातलाई क्लिप र तारको माध्यमले उपचार गरिदै आएकोमा अब अलाइनर्स प्रविधिबाट थोरै समयमा भरपर्दो उपचार सम्भव हुने बताइन् ।

सप्तरीको तिलाठी कोइलाडी, छिन्नमस्ता र विष्णुपुर गाउँपालिकामा सेन्टर बिस्तार गरेकी उनले बेला बेलामा दन्त रोगबाट सर्वसाधारणलाई जोगाउन सचेतना अभियान पनि चलाउने गरेकी छिन् ।

सप्तरी जिल्लामा मात्रै ३५ देखी ४० प्रतिशत बालबालिका तथा ६५ देखी ७० प्रतिशत बयस्कमा दन्त रोग देखिएको नेपाल डेन्टल एशोसिएशनको तथ्याङ्कले देखाएको छ । आफ्नै गामठाममा नयाँ प्रबिधिबाट दन्त रोगको उपचार सेवा सुरु भएपछि दन्त रोगीहरुले राहत महसुस गरेका छन ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*